जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४२ अंक ४० २०८१ साल जेठ १३ गते आइतवार (26 May 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** थाइराइड के हो ? किन हुन्छ ? ... **पृष्ठ ३ मा :** त्रिविवि र यसको सुधारका ... **पृष्ठ ५ मा :** यस वर्ष गत वर्षको ... **पृष्ठ ५ मा :** राष्ट्रसङ्घीय सुरक्षा परिषद् ...

## मधेशका माग सम्बोधन बटम लाइन : लोसपा अध्यक्ष ठाकुर




**राजविराज**/लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले संविधान संशोधनसहित मधेशका माग पूरा गर्नुलाई आफूहरुले बटमलाईन बनाएको बताएका छन् ।

शनिबार लोसपा सप्तरीद्वारा आयोजना गरिएको सदस्यता बितरण अभियान तथा कार्यकर्ता भेलामा आएका उनले सम्बोधनका क्रममा यस्तो बताएका हुन् ।

उनले सो माग पुरा नभएसम्म आफूहरुको संघर्ष जारि नै रहने उद्घोष गर्दै विभिन्न आन्दोलनका क्रममा झुठा मुद्दा लगाइएका आफ्ना दर्जनौं नेता कार्यकर्ता अहिले पनि थुनामा २ स्रहेकाले त्यस्ता राजनीतिक बन्दीलाई मुद्दा फिर्ता गरि आफूहरुका माग पुरा नगरुन्जेलसम्म वर्तमान सरकारलाई समर्थन दिन नसकिने जिकिर गरे ।

प्रधानमन्त्री प्रचण्ड

***बाँकी पाँच पृष्ठमा***

## आजदेखी पोलियो रोग बिरुद्धको खोप लगाइदै

**राजविराज**/आजदेखी सप्तरीका ३४ हजार भन्दा बढी बालबालिकालाई पोलियो रोग बिरुद्धको खोप लगाइदै छ ।

जिल्ला खोप समन्वय समिति तथा स्वास्थ्य कार्यालय सप्तरीले बि.स. २०७३ बैशाख देखी २०७५ असोजसम्म जन्म लिएका करिब ३४ हजार ७ सय ११ बालबालिकालाई लक्षित गरि आइपिभी (पोलियो रोग बिरुद्धको औषधी) खोप अभियान संचालन हुने जानकारी दिएको छ ।

बिस. २०७३ सालतिर पोलियो रोग बिरुद्धको औषधी अभाव भएकाले त्यतीखेर छुटेका बालबालिकालाई लक्षित गरि पोलियो रोग बिरुद्धको आइपीभी खोप अभियान थालिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख देवकान्त झाले बताए ।

पहिलो चरण जेठ १३ देखी १७ सम्म राजविराज नगरपालिका, सप्तकोशी नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिरहुत गाउँपालिका, महादेवा गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिकामा संचालन हुनेछ ।

दोश्रो चरण जेठ २२ देखी जेठ २५सम्म सुरुङ्गा नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, डाक्नेश्वरी नगरपालिका, बोदेबरसाइन नगरपालिका, रुपनी गाउँपालिका, अग्निसाइर कृष्णासवरण गाउँपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, बलानबिहुल गाउँपालिका र विष्णुपुर गाउँपालिकामा संचलन हुनेछ ।

उनका अनुसार जेठ १३ देखी जेठ २५ सम्म जिल्लाको ८ सय ४० खोप केन्द्र मार्फत १ हजार ६ सय ८० स्वयमसेवक जिल्लाका खोप केन्द्रहरुमा परिचालित हुने छन् । विद्यालय, वडा कार्यालय, सामुदायिक भवन लगायत विभिन्न स्थानमा केन्द्र राखेर खोप लगाइने उनले बताए ।

२०७० चैत १३ मा नेपाललाई पोलियो रोग मुक्त घोषणा गरिएको थियो । तर, छिमेकी मुलुक पाकिस्तान र अफगानिस्थानमा अहिले पनि पोलियो रोग पूर्ण रुपमा उन्मूलन हुन सकेको छैन् । त्यस देशहरुमा नेपालीहरुको आवतजावत हुने गरेकाले रोग फैलिन नदिन र सम्भावित जोखिमलाई ध्यानमा राख्दै पोलियो बिरुद्धको खोप लगाउने कार्यलाई निरन्तरता दिइएको स्वास्थ्य कार्यालयका प्रमुख झाको भनाई छ ।

## कोरोनाको नयाँ भेरियन्ट सङ्क्रामक तर कडा खालको नभएको

**काठमाडौं**/नेपालमा शुक्रबार देखिएको कोरोना भाइरसको नयाँ सब भेरियन्ट 'केपी' सङ्क्रामक भए पनि कडा खालको नभएको बताइएको छ ।

सरुवा रोग विशेषज्ञ डा सागरराज भण्डारीले अहिले देखिएको नयाँ भेरियन्ट मानिसमा चाँडो सरे पनि घातक नभएको बताएका छन् ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले कोरोना भाइरस सङ्क्रमितमध्ये ४२ जना व्यक्तिको 'जिन सिक्वेन्सिङ' गर्दा 'केपी.१' 'केपी.२' 'केपी.३' र 'केपी.४' पुष्टि भएको थियो । "यो प्रजातिको भेरियन्टले मानिसलाई लामो समयसम्म रुघाखोकी लगाउने भए पनि त्यति घातक छैन," उनले भने, "तर दीर्घरोगी भएका बिरामीले सतर्कता अपनाउनु पर्दछ ।"

कोरोनाका भेरियन्ट परिवर्तन भइरहने र पछि इन्फ्लुएन्जाको रुप लिने सक्ने भएकाले नियमित कोरोना भाइरसविरुद्धको खोप लगाउनुपर्ने उनको भनाइ छ । 'केपी.१' १२ जनामा, 'केपी.२' १७ जनामा, 'केपी.३' र 'केपी.४' एक/एकजनामा देखिएको थियो ।

## पेस्तोलसहित दुई पक्राउ

**राजविराज**/सप्तरीको खडक नगरपालिकाबाट प्रहरीले दुई जनालाई पेस्तोलसहित पक्राउ गरेको छ ।

शुक्रबार राति जिल्लाको खडक नगरपालिका ८ भदियाबाट एक थान पेस्तोल र सोही पेस्तोलमा लाग्ने गोली २ राउन्ड, म्यागजिन २ थानसहित सुरूङगा नगरपालिका ६ श्रीपुर बस्ने ४५ वर्षीय विशेश्वर प्रसाद साह र काठमाडौं टोखा नगरपालिका ८ बस्ने ४२ वर्षीय बमबहादुर तामाङलाई पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको प्रहरीले बोदेबर्साइनबाट बिसनपुरतर्फ जाँदै गरेको स.६ प. ५९०८ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई हतियारसहित फेला पारेर पक्राउ गरेको प्रहरीले जनाएको छ ।

## महायज्ञमा १८ लाख बचत



**राजविराज**/राजविराज ६ खर्साल टोलमा गत चैत १६ देखी २४ गतेसम्म सम्पन्न भएको विष्णु महायज्ञमा १८ लाख ५३ हजार ६ सय ८४ रुँपैया बचत भएको छ ।

महायज्ञ सम्पन्न भएको स्थलमा शनिबार महायज्ञ मूल समितिले आय-व्यय विवरण सार्वजनिक गर्दै सो जानकारी दिएको हो ।

विष्णु महायज्ञ मूल आयोजक समितिका कोषाध्यक्ष ध्रुब देवद्वारा प्रस्तुत आय-व्यय विवरणमा विभिन्न पालिका, संघसंस्था, उद्योगि, व्यवसायी, चन्दा, दान पेटिका, दान दक्षिणा, समाजसेवी दाता र महायज्ञ स्थल आसपास लगाइएको खेल तमाशाबाट गरि कुल ६८ लाख ९९ हजार २ सय ५० रुँपैया संकलन भएको उल्लेख छ । त्यसमध्ये ५० लाख ४५ हजार ५ सय ६ रुँपैया खर्च भई १८ लाख ५३ हजार ६ सय ८४ रुँपैया बचत भएको कोषाध्यक्ष देवले जानकारी दिए ।

विश्वशान्ति, हिन्दु धर्मको प्रचार प्रसार र मानव कल्याणको कामनाका साथ विष्णु महायज्ञ ९ दिन सम्म चलेको थियो । महायज्ञमा भारत र नेपालका साधुसन्तद्वारा प्रवचन, रासलिला, रामलिला लगायतका धार्मिक अनुष्ठान गरिएको थियो भने महायज्ञ अवधीभर मनोरन्जनका लागि रामझुल्ला, सर्कस, कुस्ति लगायतका खेल तमाशाको पनि आयोजना गरिएको थियो ।

पत्रकार सम्मेलनका अवसरमा महायज्ञ सफल बनाउन योगदान दिने संचारकर्मीदेखी विभिन्न संघसंस्था र व्यक्तिलाई महायज्ञ आयोजक समितिले कदरपत्र र दोसल्ला ओढाएर सम्मान गरे ।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाऔं

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं,
- लोकतन्त्रको संरक्षण र प्रवर्द्धन गरौं,
- राज्यलाई जनताप्रति उत्तरदायी बनाऔं,
- कानुनी शासन सुनिश्चित गरौं,
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं,
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं,
- संविधान र काननको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं,
- गणतन्त्रलाई जीवनशैली र संस्कारको रुपमा अवलम्बन गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

## सम्पादकीय

### सबैको प्रयास आवश्यक

अपाङगता भएका व्यक्तिहरु अहिले पनि राज्यबाट पाउने विभिन्न खाले सेवा सुविधाबाट बञ्चित हुनु परेको छ । अपाङ्गता भएका व्यक्तिका लागि आवश्यकताका आधारमा मापदण्ड अनुरुपको सहायक सामग्री वितरणका लागि 'सहायक प्रविधि सामाग्री सेवासम्बन्धी राष्ट्रिय मापदण्ड २०७८' जारी गरिएको भए पनि सरकारी संयन्त्रहरुमा नै यसको प्रयोग गरिएको पाइँदैन । राज्यले अझै विस्तृत तथ्याङ्क राख्न नसकेकोले उनीहरु ती सेवा सुविधाबाट बञ्चित हुन परेको हो ।

भौतिक संरचना र सञ्चार सेवाहरू अपाङ्गता मैत्री नभएका कारणले धेरै अपाङ्ता भएका व्यक्तिहरूको दैनिक जीवन कष्टकर बनेको छ । उनीहरूले अन्य सरह सेवासुविधा र अवसरहरू उपयोग गर्नबाट बञ्चित छन् । अपाङ्गता भएका व्यक्तिका लागि राज्यले शिक्षा र स्वास्थ्यसम्बन्धी सेवाहरू उपलब्ध गराउन सकेको छैन् । अपाङ्गता भएका बालबालिकाहरू अझै पनि विद्यालय बाहिर रहेका छन् भने विद्यालयमा पढ्दै गरेका बालबालिकाहरूले पनि अझै अन्य व्यक्तिसरह समान रूपमा शैक्षिक गतिविधिमा सहभागी हुन पाएका छैनन् ।

उनीहरु बारे प्रदेश र स्थानीय स्तरका जनप्रतिनिधिहरू नै राम्रोसँग जानकार नहुँदा ऐन, कानुन, नीति, नियमहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । तसर्थ उनीहरुको सम्पूर्ण सेवा सुविधा तथा एने कानुनलाई कार्यान्वयनका लागि सबै सरोकारवालाको प्रयास आवश्यक छ ।

# थाइराइड के हो ? किन हुन्छ ? पुरुषको तुलनामा महिलामा किन बढी ?

**प्रश्नः** थाइराइड के हो ? किन हुन्छ थाइराइडमा समस्या ? लक्षणहरु के-के हुन् ? थाइराइड पुरुषलाई भन्दा महिलामा बढी देखिने गर्दछ ? खाना बार्नुपर्छ कि पर्दैन ?

**डा दीपक मल्लको उत्तरः**

थाइराइड भनेको माानव शरीरको एक ग्रन्थी हो । यो ग्रन्थी हाम्रो घाँटीको बीचमा पुतली आकारको हुन्छ । दायाँ र बायाँ भागमा हुने ग्रन्थीलाई मासुले जोडेको हुन्छ । यो ग्रन्थी हाम्रो श्वासनली र खाना खाने पाइपको अगाडि भएको हुनाले पछि गएर शरीरका अन्य अंगहरूलाई पनि असर गर्ने गर्छ ।



डा दीपक मल्ल

थाइराइड हर्मोन निकाल्ने भएकाले ग्रन्थी भनिएको हो । यो ग्रन्थी आफैं सक्रिय हुँदैन । टाउकोमा पिट्युटरी ग्रन्थी हुन्छ । त्यहाँबाट टिएसएच भन्ने हर्मोन आयो भने थाइराइडबाट टी थ्री र टी फोर हर्मोन बनाउँछ ।

टी थ्री र टी फोर हार्मोनले शरीरमा हुने क्रियाकलापलाई नियन्त्रण गर्ने गर्छ । थाइराइड भएका बिरामीहरूको घाँटी दुख्दै जाने र डल्लो साह्रो भयो वा बढ्दै गयो भने क्यान्सर हुने सम्भावन हुन्छ । यसको उपचार गरिहाल्यो भने निको हुन्छ ।

**किन हुन्छ थाइराइडमा समस्या ?**

थाइराइड ग्रन्थीले उत्पादन गर्ने टी थ्री र टी फोर हर्मोनको खास काम एउटै हो । हाम्रो शरीरको थाइराइड ग्रन्थीमा दुई खालका 'सेल' हुन्छन् । फोलिकुलर सेल र पाराफोलिकुलर सेल । फोलिकुलर सेलले टी थ्री र टी फोर हर्मोन उत्पादन गर्छ । पाराफोलिकुलर सेलबाट क्लाल्सिटोनिन हर्मोन उत्पादन हुन्छ, जुन हर्मोन क्याल्सियमसँग सम्बन्धित हुन्छ ।

थाइराइड ग्रन्थीले उत्पादन गर्ने टी थ्री र टी फोर हर्मोनको काम करिब उस्तै हो । मानव शरीरमा टी फोर ज्यादा उत्पादन हुन्छ भने टी-थ्री त्यसको तुलनामा काम उत्पादन हुन्छ । टी फोर नै पछि टी थ्रीमा रुपान्तरित हुन्छ । टी थ्रीको काम ज्यादा देखिए पनि टी फोर नै बढी उत्पादन हुन्छ ।

थाइराइड ग्रन्थीमा असर पर्दा टी थ्री र टी फोर हर्मोन कम/बढी उत्पादन हुन्छ । मानिसको शरीरमा 'अटो इम्युन'का कारण थाइराइड सम्बन्धी रोगहरू लाग्ने हुन्छ । कुनै रोगका कारण शरीरमा एन्टीबडी उत्पन्न हुन्छ र त्यसले थाइराइड ग्रन्थीलाई प्रभाव पार्छ । हाम्रो शरीरले थाइराइड सम्बन्धी रोगसँग प्रतिरोध नै गर्न सक्दैन । त्यसले गर्दा दुई प्रकारका हर्मोनहरू कि ज्यादा उत्पादन हुन्छ कि निकै कम उत्पादन हुन्छ । यसैले 'अटो इम्युन डिजिज'का विभिन्न प्रकारमध्ये थाइराइड सम्बन्धी रोगहरूलाई पनि यसमा राखेका छौं ।

**लक्षण**

हर्मोन कम र बढी हुँदाका लक्षण अलग-अलग हुन्छन् ।

हाइपोमा मानिसहरू अनावश्यक किसिमले मोटाउँदै जाने, शरीर लोसे भएर जाने, सुस्त भएको जस्तो हुने, शरीर सुख्खा भएको जस्तो हुने र बच्चा पाउने उमेरका महिलाहरूको बच्चा नबस्ने, कब्जियत हुने लक्षण देखा पर्ने गर्छन् ।

हाइपरमा उल्टो लक्षण देखाउने गर्दछ । जति खाना खाएपनि दुब्लाउँदै जाने, हात खुट्टाबाट पसिना आउने, आँखा बाहिर देखिने गलगाँड आउने हाइपर थाइराइडमा देखापर्ने गर्दछ ।

**थाइराइड पुरुषलाई भन्दा महिलामा बढी देखिने गर्दछ ?**

थाइराइड जुनसुकै उमेरका व्यक्तिलाई पनि हुने समस्या हो । हर्मोन बढीको समस्या २० देखि ४० वर्षको उमेरमा बढी देखिन्छ । हर्मोनको कमी जुनसुकै उमेरमा देखिने भएपनि ३०-४० वर्ष कटेपछि बढी देखिन्छ । थाइराइडको समस्या पुरुषमा भन्दा बढी महिलामा देखिन्छ । पुरुषको तुलनामा महिलाहरूको शरीर हर्मोनका मामलामा ज्यादा संवेदनशील हुन्छ । थाइराइडको समस्याबाट हर्मोन उत्पादनमा गडबड हुने भएकाले महिलाहरूको शरीरले त्यसको असरमा प्रतिक्रिया देखाइहाल्छ । त्यसको तुलनामा पुरुषहरूको शरीरमा हर्मोनको मात्रा केही तलमाथि हुँदैमा खासै प्रभाव पार्दैन । पुरुषमा १० प्रतिशत तलमाथि हुँदा लक्षण देखिने हुन्छ भने महिलाहरूमा एक प्रतिशत तलमाथि हुँदा मात्रै पनि असर देखिन्छ ।

**थाइराइड र अन्य रोगहरू**

थाइराइडका रोगहरूको सोझो सम्बन्ध मधुमेह र अन्य नसर्ने रोगसँग छैन तर थाइराइड भएको मानिसलाई मधुमेह हुने सम्भावना निकै उच्च हुन्छ । हाइपोथाइरोडिजमका कारण मानिसहरू मोटाउँदै गइरहेका हुन्छन् । मोटोपनले मधुमेह र अन्य नसर्ने रोग निम्तने गर्दछ ।

हाइपर थाइराइड भएको अवस्थामा 'टक्सिकोसिस' भएर मुटुको धड्कन निकै छिटो बनाइदिन्छ । धड्कन छिटो भएपछि शरीरका विभिन्न भागमा आवश्यक परिमाणमा रगत पम्प हुन सक्दैन र अक्सिजनको आपूर्ति कम हुन्छ । तर, यस्तो खालको खतरा भने निकै कममा मात्रै हुन्छ ।

**खाना बार्नुपर्छ कि पर्दैन ?**

थाइराइड रोगसँगै अरु रोगको पनि सम्भावना हुने भएकाले थाइराइडको समस्या देखिएकाले अरु रोग लाग्ने अवस्था निम्त्याउनु हुँदैन । नियमित खानाका क्रममा चिल्लोपदार्थको मात्रा निकै कम गर्नुपर्छ । थाइराइड लागेपछि मानिसहरू मोटाउँदै जाने भएकाले चिल्लो पदार्थ कम गर्नुका साथै शारीरिक कसरतमा ध्यान दिनुपर्छ । प्रेसर, सुगर र कोलेस्ट्रोलको मात्रा बढ्ने भएकाले हामीले सकेसम्म खानपानमा ध्यान दिनुपर्छ । बिरामीले आफ्नो तौल नियन्त्रण गर्न नियमित व्यायाम गर्नुपर्छ ।

थाइराइड खानेकुराले गर्दा हुने समस्या होइन । समाजमा बन्दा, काउली बार्नुपर्छ भन्ने नकारात्मक चलन छ तर थोरै मात्रामा सबै कुरा खान सकिन्छ ।

समुन्द्रमा पाइने खानेकुरामा आयोडिन बढी हुने हुँदा त्यस्तो खानेकुरा भने नखाँदा राम्रो हुन्छ ।

**गर्भावस्था र थाइराइड**

हरेक गर्भवती महिलाहरूको थाइराइड स्कृनिङ गर्नुपर्छ । गर्भवती हुनुभन्दा पहिले नै थाइराइड भएको भए झनै सतर्कता अपनाउनुपर्छ । नभए पनि हरेक गर्भवतीको स्वास्थ्य परीक्षण गर्न आवश्यक हुन्छ । थाइराइड भएको महिला गर्भवती भइसकेपछि औषधि सेवन गर्न छाडेका भेटिन्छ, जुन गलत हो ।

हाइपर थाइराइड छ भने डाक्टरको सल्लाहमा निर्णय लिनुपर्छ भने हाइपो थाइराइड छ भने औषधिको मात्रा थप बढाउनुपर्ने हुन्छ ।

हाइपो थाइराइडिज्म भएका गर्भवतीहरूले औषधि खान छाड्ने होइन, झनै बढाउनुपर्ने हुन्छ । यदि, औषधि सेवन गर्न छाडेमा गर्भपात/गर्भपतन हुने खतरा रहन्छ । आमालाई हाइपो थाइराइडिज्म छ भने शिशु जन्मेको ७२ घण्टाभित्र उसको थाइराइड जाँच गर्नैपर्ने हुन्छ । साथै आमाले पनि थाइराइडको परीक्षण गर्नुपर्छ ।

**थाइराइडको उपचार हुन्छ ?**

हर्मोनको उपचार नेपालमा हुने गर्दछ । हर्मोन भनेको हाम्रो शरीरमा चाहिने कुरा हो । यदि, हर्मोन कम छ भने हर्मोन दिनुपर्छ । यदि, हर्मोन बढी छ भने यसको उत्पादनलाई कम गरिदिने हो ।

अहिले नेपालमा अत्यधिक मात्रमा थाइराइडको औषधिहरू प्रयोग भएका छन् । चिकित्सकको सल्लाहअनुसार मात्र औषधि सेवन गर्नुपर्छ । (इन्डोक्राइनोलोजिस्ट डा मल्ल वीर अस्पतालमा कार्यरत छन् ।) स्वास्थ्य खबरबाट


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**

**Dr. Santosh Prasad Sah**

MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 15019

**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
शम्भुनाथ नगरपालिका, सप्तरी

# त्रिविवि र यसको सुधारका सम्बन्धमा

**युवराज आचार्य**

विश्वविद्यालय उच्च शिक्षा र अनुसन्धानको संस्था हो, जसले अध्ययन तथा अनुसन्धानका विभिन्न क्षेत्रमा कार्य गर्छ । नेपालमा १९७५ सालमा त्रिचन्द्र कलेजको स्थापना भएसँगै उच्च शिक्षाको प्रारम्भ भएको इतिहास छ । उच्च शिक्षाको प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन विभिन्न चारवटा मुख्य उद्देश्य राखेर २०१६ सालमा देशकै ठुलो तथा पुरानो विश्वविद्यालय अर्थात् त्रिभुवन विश्वविद्यालय (त्रिविवि)को स्थापना भएको थियो ।

करिब १५५ हेक्टर क्षेत्रफलमा फैलिएको त्रिविविअन्तर्गत अहिले पाँचवटा संस्थान र चारवटा संकाय सम्मिलित ४० केन्द्रीय विभागहरू, ६२ वटा आङ्गिक क्याम्पसहरू र एक हजार ६२ वटा सम्बन्धन प्राप्त विभिन्न विषयका क्याम्पस सञ्चालित छन् ।

त्रिविवि नेपाल सरकारद्वारा लगानी गरी सञ्चालनमा ल्याएको एक गैरनाफामुखी संस्था हो, जसलाई २०१३ सालमै तत्कालीन सरकारले केन्द्रीय विश्वविद्यालय घोषणा गर्न सैद्धान्तिक सहमति जनाएको थियो । चारवटा अनुसन्धान केन्द्र रहेका तथा कार्यक्रमको विविधताका हिसाबले ठुलो संख्यामा विद्यार्थीका आवश्यकता पूरा गर्न सफल भएको दाबी गर्ने त्रिविविले १९ डिसेम्बर २०२३ का दिन ४९औं दीक्षान्त समारोहको आयोजना गरी करिब ७४ हजार ७४९ विद्यार्थीलाई दीक्षित गरेर गिनिज बुक अफ वर्ल्ड रेकर्डसमा आफ्नो नाम लेखाउन सफल भयो । बर्सेनि करिब साढे तीन लाख विद्यार्थीले अध्ययन गर्ने यस विश्वविद्यालयले करिब १५ हजार १९६ शिक्षक तथा कर्मचारीलाई रोजगारी दिइरहेको छ ।

त्रिविविले आव २०८०/०८१ का लागि २६ अर्ब २४ करोड ९४ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । जसबाट उसले आफ्ना नियमित कार्यक्रम सञ्चालानार्थ ५३ प्रतिशत, आन्तरिकतर्फ ४२ प्रतिशत र विकास कार्यक्रममा करिब पाँच प्रतिशत गरेर जम्मा तीनवटा मुख्य विधामा बजेट खर्च गर्दोरहेछ । कुल बजेटको ५० प्रतिशत आन्तरिक आम्दानीबाट उठ्ने रहेछ भने बाँकी ५० प्रतिशत रकम चाहिँ विश्वविद्यालय अनुदान आयोगमार्फत नेपाल सरकारलाई माग गरेपछि प्राप्त हुने रहेछ ।

सरकारबाट प्राप्त हुने अनुदान रकम कुनै कारणवश त्रिविविले माग गरेभन्दा कम प्राप्त भएमा वा त्रिविविको योजना मुताविकको रकम नेपाल सरकारले उपलब्ध गराउन नसकेमा विकास कार्यक्रमका लागि छुट्ट्याइएको रकमलाई नियमित तथा आन्तरिक कार्यक्रम सञ्चालनका निम्ति उपयोग गर्नुपर्छ । यसो हुँदा विकास कार्यक्रम अन्तर्गतका अनुसन्धान, तालिम तथा वृत्ति विकासका निम्ति गरिने महत्त्वपूर्ण तथा अत्यावश्यक कार्यक्रम कटौती गर्नुपर्ने वा रोक्का नै गर्नुपर्ने अवस्था आउने रहेछ ।

त्रिविविको पहिलो मुख्य उद्देश्य 'नेपालको समग्र विकासका निम्ति आवश्यक सक्षम जनशक्ति तयार पार्ने' भन्ने कुरा सैद्धान्तिक रूपमा सकारात्मक देखिए पनि व्यावहारिक रूपमा भने पूरै फरक छ । त्रिविविले पढाउने पाठ्यक्रम नै नेपालको विशिष्टता अनुरूपका छैनन् । सबैजसो क्षेत्रमा विकासका कार्य न्यून मात्रामा भएका र हुनुपर्ने विकाससँग मेल खाने विषय पढाउन अत्यावश्यक रहे पनि त्रिविविले त्यो धारबाट बाहिर रहेर पाठ्यक्रमको विकास गर्ने र लागु गर्ने गरेको छ । जसले गर्दा देशभरका ७९ प्रतिशत विद्यार्थीको संख्यालाई प्रतिनिधित्व गर्ने त्रिविविले कुल विद्यार्थी संख्याको ८० प्रतिशत अनुत्पादक जनशक्तिहरू उत्पादन गरिरहेको छ ।

गुणस्तरीय उच्च शिक्षा प्रदान गर्नु त्रिविविको अर्को मुख्य उद्देश्य हो । देशको राष्ट्रिय आवश्यकता, विश्वविद्यालयको पाठ्यक्रम तथा त्यसबाट उत्पादित जनशक्तिको गुणस्तरलाई मध्यनजर गरेर शिक्षाको गुणस्तर मापन गर्नुपर्छ ।

नेपालको राष्ट्रिय आवश्यकता शारीरिक श्रम गरी जीविकोपार्जन गर्ने मानिसको जीवनस्तरलाई उकास्नु हो । त्यसका निम्ति नेपालमा आफ्नै मौलिकतामा आधारित रहेर पाठ्यक्रमको विकास गर्नुपर्छ । जसले राष्ट्रको विकासमा प्रत्यक्ष रूपमा सहयोग गर्न सकोस् ।

विभिन्न एनजीओ, आईएनजीओ तथा दातृ निकायको प्रत्यक्ष निगरानीका आधारमा व्यापक औद्योगिकीकरण भइसकेका तथा विकासका दृष्टिले सम्पन्न भइसकेर जीवनलाई सक्रिय राखिरहनका लागि पढ्ने खालका विषयवस्तु समावेश गरेर तयार पारिएका त्रिविविको पाठ्यक्रम र यसको भद्रगोल शैक्षिक प्रणालीले मास्टर्स डिग्री सकाए पनि मजदुरी गर्नका लागि बिदेसिनुपर्ने बाध्यतामा परेका युवालाई देशभित्रै रोक्न सकेको छैन । त्यसका साथै युवा पुस्तामा त्रिविविप्रतिको भरोसा कमजोर भई वार्षिक एक डेढ लाख विद्यार्थी उच्च शिक्षा आर्जनका निम्ति बिदेसिने गरेका छन् ।

'राष्ट्रिय संस्कृति र परम्पराको संरक्षण तथा विकास गर्ने' भन्ने कुरा त्रिविविको तेस्रो मुख्य उद्देश्य हो । नेपालमा सामन्तवादको धरोहरको अवसान भए पनि त्यसका पक्षपोषकको अन्त्य हुन सकेको छैन । प्रत्यक्ष रूपमा सामन्तवादी संस्कार र संस्कृतिको पक्षपोषण गर्ने खालका पाठ्यसामग्री पाठ्यक्रमबाट हटाइए पनि पाठ्यक्रममा आमूल परिवर्तन गर्न सकिएको छैन ।

त्रिविविले हाल पठनपाठन गराइरहेका विषयवस्तुले नेपाली समाजको भित्री सांस्कृतिक पक्षलाई समात्न सकेका छैनन् । विभिन्न समुदायका सांस्कृतिक पक्षलाई सामान्य ढङ्गले समावेश गरिएको भए पनि त्रिविविको पाठ्यक्रम, वैदेशिक सांस्कृतिक हस्तक्षेपबाट देशलाई मुक्त गराउन सक्ने खालको छैन । त्रिविविको पाठ्यक्रम, राष्ट्रिय उत्पादन, श्रम तथा उद्यमशीलताको संस्कारलाई समाजमा स्थापित गराउने खालको हुनुपर्छ तर युवा पलायनलाई प्रतिस्थापन गर्नका लागि राष्ट्रिय उत्पादन, श्रम तथा उद्यमशीलताको संस्कृतिको विकास गर्ने खालको शिक्षा त्रिविविले प्रदान गर्न सकेको छैन ।

त्रिविविलाई अध्ययन र अनुसन्धानको केन्द्रका रूपमा व्याख्या गरिन्छ । हालसम्मको अवस्थालाई हेर्दा त्रिविविमा अनुसन्धान, तालिम तथा वृत्ति विकासका निम्ति सरदरमा त्रिविविको कुल बजेटको १.५ प्रतिशत मात्रै बजेट उपलब्ध हुन्छ । त्रिविविमा विभिन्न विषयसँग सम्बन्धित अनुसन्धानका लागि भनेर विभिन्न दातृ निकायबाट बर्सेनि लाखौं रुपैयाँ आउने गरेको पनि छ, तर त्यो रकमको चरम दुरुपयोग हुन्छ, झिनामसिना योजना तयार पारी बजेट सकाइन्छ । वैदेशिक भगिनी विश्वविद्यालयबाट थेसिसका लागि भनेर आएका विभिन्न कोषको

*बाँकी चार पृष्ठमा*




अनुरोधकर्ता
शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

# मधेस प्रदेशमा दुई लाख ५१ हजार एक सय ७२ परिवारको स्वास्थ्य बीमा

**जनकपुरधाम**/मधेस प्रदेशमा हालसम्म दुई लाख ५१ हजार एक सय ७२ परिवारले स्वास्थ्य बीमा गराएका छन् । मधेस प्रदेश स्वास्थ्य बीमा बोर्डको कार्यालयका अनुसार मधेस प्रदेशमा पछिल्लो केही समयदेखि क्रमिकरूपमा स्वास्थ्य बीमा गराउनेको सङ्ख्या बढ्दै गएको छ ।

सरकारी अस्पतालमा उपचार गराउँदा १० प्रतिशत तथा निजी अस्पतालमा उपचार गराउँदा २० प्रतिशत खर्च बिरामीले ब्यहोर्नुपर्ने तथा बाँकी रकम बीमा बोर्डले ब्यहोंर्ने प्रावधान लागू भएपछि स्वास्थ्य बीमा गराउनेको सङ्ख्या बढेको सो बोर्डका मधेस प्रदेश संयोजक मनोज पौडेलले बताउनुभयो । उहाँका अनुसार सबैभन्दा बढी सिरहा जिल्लामा एक लाख २२ हजार दुई सय ७१, सर्लाही जिल्लामा ४० हजार छ सय ६८, सप्तरी जिल्लामा ९४ हजार २०, धनुषा जिल्लामा ५४ हजार नौ सय ६७, महोतरी जिल्लामा ४९ हजार दुईसय ५७, रौतहट जिल्लामा ८३ हजार ६ सय २२, बारा जिल्लामा ६८ हजार दुई सय ३८ तथा पर्सा जिल्लामा ९१ हजार ६ सय २४ परिवारले स्वास्थ्य बीमा गरेको जनाएको छ ।

स्वास्थ्य बीमामा सहभागी हुन पाँचजना सदस्य भएको परिवारले वार्षिक तीन हजार पाँच सय प्रिमियम रकम तिर्नुपर्छ भने पाँचजनाभन्दा बढी सदस्य बराबरको सात सयका दरले वार्षिक प्रिमियम बुझाउनुपर्नेछ ।

बीमित परिवारमा सदस्य बिरामी हुँदा एक लाख बराबरको उपचार शुल्क स्वास्य बीमा बोर्डले अस्पताललाई भुक्तानी गर्दै आएको छ । कतिपय अस्पतालमा सरकारले बीमाबापतको रकम समयमा उपलब्ध नगराउँदा बीमा कार्यक्रम रोकिएको अस्पतालले जनाएका छन् ।

सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमअन्तर्गत रहेको सो बीमाका सम्बन्धमा स्वास्थ्य बीमा बोर्डको कार्यालयले बीमा दर्ता सहयोगीहरूका लागि पुनःताजगी कार्यक्रम गरिरहेको पौडेलले जानकारी दिनुभयो ।

## त्रिविवि र ...

रकमको पनि सही सदुपयोग हुने गरेको छैन । अर्कोतर्फ विभिन्न सीमितताका बाबजुद पनि त्रिविविले गर्ने वा गराउने अनुसन्धानका कार्य राज्यको नीति तथा जनताका आवश्यकतासँग मेल खाने खालका छैनन् ।

मास्टर्सको थेसिस फोटोकपी पसलमा किनबेच हुने, प्रतिविद्यार्थीलाई १२ सयका दरले मात्रै अनुसन्धानका निम्ति पैसा उपलब्ध हुने, विदेशी विश्वविद्यालय वा संस्थाहरूले प्रकाशित गरेका पेपरलाई सन्दर्भ सामग्रीको रूपमा लिई गरेको कामलाई मात्रै अनुसन्धान मान्ने र यसरी गरेको अनुसन्धान नेपालको विकासमा उपयोगी नहुने लगायत कुराले त्रिविवि आर्थिक, नीतिगत तथा व्यावहारिक हिसाबले नै अनुसन्धानको केन्द्र बन्न नसकेको पुष्टि हुन्छ ।

त्रिविविमा सैद्धान्तिक बाहेकका पनि थुप्रै जटिल समस्याको चाङ रहेको कुरा वर्षैपिच्छे फेरिने शिक्षामन्त्रीहरू, प्रत्येक चार-चार वर्षमा फेरिने उपकुलपतिहरूका त्रिविवि सुधार्ने प्रतिबद्धता र त्रिविविमा अध्यापन गराइरहेका प्राध्यापकहरूले आफ्नो जीवन रक्षाका निम्ति अदालतको ढोकामै अनशन बस्नुपर्ने स्थिति लगायत गतिविधिले प्रस्ट्याउँछन् ।

अस्तव्यस्त समय तालिका, विभिन्न टेन्डरका प्रक्रियामा हुने अवैध गतिविधि, गैरजिम्मेवारी प्रशासन तथा अत्यन्तै निम्छरो प्रशासनिक सेवा प्रवाह लगायत विकृत कुराले त्रिविविलाई अझै अँध्यारोतर्फ धकेलिरहेका छन् । उपकुलपति तथा अन्य नियुक्तिका सन्दर्भमा हुने जटिल विवाद तथा राजनीतिक दाउपेचका मुद्दाले त्रिविविलाई थप कमजोर बनाइरहेका छन् ।

त्यसो त त्रिविवि सुधार्नका निम्ति उपकुलपति लगायत पद खुला प्रतिस्पर्धाको माध्यमद्वारा गर्नुपर्ने, त्रिविविलाई अध्ययन तथा अनुसन्धानको केन्द्र बनाइनुपर्ने, त्रिविवि र यसका आङ्गिक क्याम्पसमा राजनीतिक दल समर्थित विद्यार्थी सङ्गठनहरू खोल्न बन्देज लगाउनुपर्ने, त्रिविविको समकक्षता लगायत प्रशासनिक सेवा-सुविधालाई छिटो र छरितो बनाइनुपर्ने साथै त्रिविविको वार्षिक कार्यतालिकालाई कडाइका साथ लागु गर्नुपर्ने लगायत कुरा विभिन्न बुद्धिजीवी तथा राजनीतिक दलबाट पटक-पटक उठ्ने गरेको पाउँछौँ, तर त्रिविविको आमूल पुनर्संरचनाबिना ती विषय उठान गर्नु निरर्थक छ ।

अस्त-व्यस्तताको भुमरीमा परेको त्रिविविलाई सुधार गर्नका निम्ति सर्वप्रथम त्रिविविलाई स्वतन्त्र संस्थाका रूपमा विकास गर्नुपर्छ । त्रिविवि सबै हिसाबले स्वतन्त्र भइसकेपश्चात् नेपाल सरकारको राष्ट्रिय नीतिहरूसँग मेल खाने गरी त्रिविविको पाठ्यक्रमलाई पूर्णरूपमा परिवर्तन गरिनुपर्छ । त्यससँगै त्रिविविको समग्र शैक्षिक तथा प्रशासनिक प्रणालीलाई पनि व्यापक रूपान्तरण गर्नुपर्छ ।

यथासम्भव त्रिविविका ४० वटा केन्द्रीय विभागमध्ये कतिपयलाई खारेज गर्ने त कतिपयलाई एक अर्कामा गाभ्नुपर्छ । त्यसपश्चात् त्रिविविका शैक्षिक विभागहरूलाई विषय सम्बन्धित नेपाल सरकारका मन्त्रालय वा राष्ट्रिय योजना आयोगसँग प्रत्यक्ष रूपमा जोड्नुपर्छ ।

यस प्रकारको प्रणालीको विकास गर्न, त्यसलाई थप मजबुत बनाउन नेपाल सरकारको नीति तथा कार्यक्रम र त्रिविविको योजनालाई एकैसाथ तयार पारी सँगसँगै कार्यान्वयनमा लैजानुपर्छ । यस प्रकारको प्रणालीको संस्थागत विकास भइसकेपछि नेपाल सरकारका पञ्चवर्षीय योजना, नेपालमा आयोजना डिजाइन निर्देशिका लगायत नेपालका हरेक राष्ट्रिय मुद्दामा त्रिविविले विषय अनुसारका आफ्ना प्राध्यापक र उच्च शिक्षा अध्ययनरत विद्यार्थीलाई कामकाजमा खटाउने गर्नुपर्छ ।

यसरी त्रिविविका प्राध्यापक बौद्धिक काममा खटिइरहने र अध्ययनरत विद्यार्थी पनि अनुसन्धानात्मक काममा खट्ने हुँदा त्रिविविमा देखिएका आर्थिक, राजनीतिक तथा शैक्षिक बेथिति धेरै हदसम्म नियन्त्रणमा आउँछन् । विद्यार्थी कमाउँदै, पढ्दै र अनुसन्धान गर्दै आफ्नो शैक्षिक डिग्री प्राप्त गर्छन् । यसरी उत्पादन हुने दक्ष जनशक्ति नेपालको विकासका कार्यमा खपत हुने हुँदा देशमा जर्जर अवस्थामा रहको बरोजगारीको समस्याको अन्त्य हुन्छ ।

नेपालमा योजनाहरूको छनोट तथा डिजाइन आफ्नै मौलिकता अनुरूप गरिने हुँदा आयोजनाहरूको दिगोपना पनि कायम हुन्छ । त्रिविविको बजेट, यसको गहन जिम्मेवारीका आधारमा बढ्ने तथा नेपाल सरकारले योजनाहरू तर्जुमा गर्दाका बखतमा खर्च हुने बजेट त्रिविविका माध्यमद्वारा उत्पादनमूलक कार्यमा खर्च हुने हुँदा त्रिविवि सञ्चालनमा बजेटको अभाव हुने बजेट अभावमा अनुसन्धानका कार्य रोकिनुपर्ने लगायत दुरवस्थाहरूको अन्त्य भई त्रिविवि स्वचालित रूपमा स्वतः आत्मनिर्भरताको बाटोमा अगाडि बढ्न सक्छ ।

देशको आकार र सानो स्तरको विकासको बजेट जतातत‌ै छिरोलिने र कतै पनि पूर्णरूपमा कार्य सम्पादनमा चुनौती थपिई विदेशी ऋणको सिकार बनिरहनुपर्ने स्थितिलाई धेरै हदसम्म नियन्त्रण गर्नमा समेत यो प्रणालीले मद्दत पुऱ्याउँछ ।

तसर्थ विश्वविद्यालयहरू राष्ट्रिय उत्पादन, राष्ट्रिय एकता, देश विकास, नयाँ पुस्ताहरूमा नवीनतम आशा र भरोसा जगाउने खालका हुनुपर्छ । देशकै ठुलो विश्वविद्यालय त्रिविविलाई कस्तो बनाउने भन्ने नेपाल सरकारको हातमा छ ।

खर्बौंको सम्पत्ति भएको त्रिविविले बर्सेनि हजारौँको संख्यामा बेराजगार जनशक्ति उत्पादन गरिरहेको छ । युवा पुस्तामा चरम निराशा र आफ्नो भविष्यप्रतिको भयले देश नै असफलताको बाटोमा लम्किरहेको छ ।

त्रिविविलाई सुधार गर्नका निम्ति जे-जस्ता विषय सतहमा आएका छन्, तिनीहरूबाट टालटुले समाधानबाहेक अरु सम्भव देखिँदैन । विश्वविद्यालयमा हुने राजनीतिक नियुक्तिलाई प्रतिस्पर्धात्मक बनाउनेदेखि विद्यार्थी संगठनमाथि प्रतिबन्ध लगाउनेसम्मका कुरा क्षणिक समाधानका उपाय हुन् ।

देशको मुख्य समस्या हटाउन त्रिविविको व्यापक रूपान्तरण आवश्यक छ, जसले देशको समग्र शिक्षा प्रणालीलाई गतिलो लयमा लैजान सकोस् । आधाभन्दा बढी बजेट खर्च गरेर अनुत्पादक जनशक्ति उत्पादनमा विश्व रेकर्ड कायम गराउने त्रिविविको परिपाटीको अन्त्य जरुरी छ र त्यो सम्भव पनि छ । रातोपाटीबाट

# बालविवाह विरुद्ध अपील

## “बालविवाह जिन्दगी तबाह”

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

स्था. २०५७

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित

सहकारी बिभाग दर्ता न.१२०१०५७५८

**जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

**राजविराज –४, सप्तरी**

## संस्थाको स्वामित्वमा रहेको अचल सम्पती (घर जग्गा) बिकी सम्बन्धी १५ दिने सुचना

**प्रकाशित मिति २०८१/०२/१३ गते**

यस संस्थाको स्वामित्वमा रहेको तपशिल बमोजिमको अचल सम्पती (घर जग्गा) जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बिक्रीका लागी यो १५(पन्ध्र) दिने सुचना प्रकाशित गरिएको छ । उल्लेखित सम्पती (घर/जग्गा) लिन ईच्छुक महानुभावहरुवाट यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस संस्थाको कार्यालयमा सम्पर्क गरी आफुले तिर्नसक्ने मुल्य उल्लेख गरी ईच्छा पत्र पेश गर्नहुनलाई सुचित गरिन्छ ।

**तपशिल**

| जग्गाको विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.न. | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
| १ | सप्तरी | विषहरिया | ४क | १५ | ०–१–१५ |
| २ | सप्तरी | विषहरिया | ४क | ५२ | ०–०–६ |
| ३ | सप्तरी | विषहरिया | ४क | ६० | ०–०–९ |
| ४ | सप्तरी | विषहरिया | ४क | ६३ | ०–०–९ |
| ५ | सप्तरी | विषहरिया | ८ख | १०४ | ०–१–२ |
| ६ | सप्तरी | विषहरिया | ८ख | १०६ | ०–३–१० |

**द्रष्टब्य :** यस विषयमा थप बुझ्न चाहेमा कार्यालय समयभित्र संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ । यो अचल सम्पती (घर जग्गा) बिक्री गर्ने वा बिक्री प्रकिया स्थगित सम्बन्धि निर्णय गर्ने सम्पुर्ण अधिकार संस्थामा निहित रहेको छ ।

# यस वर्ष गत वर्षको तुलनामा डेढ गुणा भन्दा बढी आँपको उत्पादन हुने

**राजविराज**/यस वर्ष सप्तरीमा गत वर्षको तुलनामा डेढ गुणा भन्दा बढी आँप उत्पादन हुने जनाइएको छ ।

कृषि ज्ञान केन्द्र सप्तरीले आँप उत्पादन हुने क्षेत्रमा बृद्धि, मौसमको अनुकुलता र यो वर्ष अनइयर (आँप बढी उत्पादन हुने वर्ष) भएकाले गत वर्षको तुलनामा बढी आँप उत्पादन हुने जनाएको हो ।

कृषि ज्ञान केन्द्र सप्तरीका निमित्त कार्यालय प्रमुख किसुन देव राउतले जिल्लामा वर्षेनी ८ हजार ५ सय हेक्टर जग्गामा आँप खेती हुदै आएको बताए । उनले गत वर्ष ४९ हजार ७ सय मेट्रिक टन आँप उत्पादन भएकोमा यस पल्ट आँप उत्पान हुने क्षेत्रमा बृद्धि, मौसमको अनुकुलता र यो वर्ष अनइयर वर्ष समेत भएकाले उत्पादन बृद्धि भई ७१ हजार २ सय ५० मेट्रिक टन आँप उत्पादन हुने अनुमान गरिएको बताए ।



उनले भने "यस वर्ष मौसमले साथ दिएको छ, गत वर्ष भन्दा डेढ गुणा आँप बढी उत्पादन हुन्छ ।" हावाहुरी र असिनाबाट आँपको बोटलाई क्षति नहोस भन्ने हामी जति खटेका छौं, त्यति नै किसानहरु पनि खटेकाले परिणाम राम्रो आउने देखिएको उनको भनाई छ ।

सप्तरीका कृषकले मालदह, बम्बई, दशहरी, कलकतिया लगायत जातका आँप उत्पादन गर्दछन । आकाशे पानीको भरमा खेतीपाती गर्नू पर्ने र सुख्खा जमिनमा अन्यबाली नफस्टाउँने भएकाले सप्तरीका अधिकाँश कृषक व्यवसायीक आँप खेती तर्फ आर्कषित भएका छन् ।

## मधेशका माग...

मधेशको माग बारे आश्वासन दिई धोका मात्र दिइने गरेको भन्दै उनले त्यही कारणले आफूहरु उनको नेतृत्वको सरकारलाई विश्वासको मत नदिएको खुलासा पनि गरे ।

उनले प्रधानमन्त्री प्रचण्डले विश्वासको मतमा सहयोग माग्न आएको बेला आफूहरुले चेक र उधारोमा होइन् कार्यान्वयन गरेर देखाए मात्र सहयोग गर्ने भन्दै स्पष्ट जवाफ दिएको बताए ।

माओवादी जनयुद्ध महान हुने अनि मधेश आन्दोलन अपराध हुने ? भनी प्रश्न प्रधानमन्त्रीसँग आफूले गरेको प्रसङ्ग उठाउँदै उनले अब मधेशका माग पुरा नभएसम्म विश्वासको वातावरण बन्न नसक्ने भनेर प्रधानमन्त्री प्रचण्डलाई फर्काइदिएको बताए ।

उनले मधेशका जायज माग पुरा गर्न सरकारलाई दबाब दिन निकट भविष्यमै संघर्षका कार्यक्रमहरु घोषणा गरिने जानकारीका साथ कार्यकर्ताहरुलाई यसका लागि तयार रहन आग्रह समेत गरे ।

लोसपा सप्तरीका अध्यक्ष सुनिल कुमार झाको अध्यक्षतामा आयोजित कार्यक्रममा लोसपाका वरिष्ठ नेता शरदसिंह भण्डारी, राष्ट्रियसभा सदस्य शेखर सिंह, पूर्वप्रतिनिधिसभा सदस्य चन्द्रकान्त चौधरी, उपाध्यक्ष जयप्रकाश ठाकुर, प्रदेश सांसद जितेन्द्र सोनल, रानीशर्मा तिवारी, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादव, महादेवा गाउँपालिकाका अध्यक्ष सुनलि मण्डल लगायतले पनि देशको वर्तमान अवस्था र लोसपाको भूमिका बारे चर्चा गरेका थिए ।


डाक्नेश्वरी नगरपालिका
Dakneshwori Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Execut
website: dakneshworimun.gov.np
email: madakneswori@gmail.com
पातो, सप्तरी
Pato, Saptari
मधेश प्रदेश, नेपाल
MadheshProvince,Nepal

प. सं. : २०८०/०८१

मिति : २०८१।०२।११

**विषय - शिलबन्दी दररेट पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा डाक्नेश्वरी नगरपालिकाको चालु आ.व. २०८०/०८१ मा तपसिल अनुसार संचालन हुने नगर स्तरीय पूर्वाधार विकास अन्तर्गतका योजनाहरु सोझै खरिद विधि मार्फत संचालन गर्नुपर्ने भएकोले तपसिल बमोजिमका योजनाहरुको लागि ७ दिन भित्र BOQ भरी डाक्नेश्वरी नगरपालिकाको कार्यालयमा शिलबन्दी सहितको प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ ।

*तपसिल*

| सि.नं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | वडा नं. ४ भुतही जगमाया रामको घर देखि दक्षिण सडकमा आर.सि.सि. ढलान कार्य | रु ४,००,०००/- |
| २ | वडा नं. ९ गुदर मियाँको घरको देखि परमेश्वर साह को घर सम्म नाला निर्माण कार्य | रु ६,००,०००/- |
| ३ | डाक्नेश्वरी ८ ललितपुर जाने पूर्व नारायण मुखिया घर हुँदै कुलहा नदी सम्म माटो ग्राइभेल कार्य | रु १,५०,०००/- |
| ४ | डाक्नेश्वरी वडा नं. १ पलट घर देखि पूर्व लक्ष्मी चौधरीको घर सम्म आर.सि.सि. ढलान | रु ८,००,०००/- |
| ५ | वडा नं. १ मदेश चौधरी घर देखि महादेव मन्दिर सम्म आर.सि.सि. ढलान | रु ४,००,०००/- |
| ६ | वडा नं. ७ बुधि साह को घर अगाडी RCC ढलान कार्य | रु ४,००,०००/- |
| ७ | वडा नं. १ राजकुमारी चौधरी घर देखि रजितपुर सिमासम्म नायाँ सडकको लागि माटो ग्राइभेल कार्य | रु ४,००,०००/- |
| ८ | वडा नं. ४ टुनाई रामको घर देखि पश्चिम निर्मला रामको घर देखि पूर्व विच पैनीमा कल्भर्ट निर्माण कार्य | रु ४,००,०००/- |
| ९ | वडा नं. १० मा खानेपानीको लागि टुवेल जडान कार्य | रु २,००,०००/- |
| १० | डाक्नेश्वरी वडा नं. १० डगरिन थानको अधुरो मन्दिर मर्मत बौन्ड्रिवाल | रु ३,००,०००/- |
| ११ | वडा नं.८ को रुद्र नारायाण साहको घर देखि दर्प नारायण शर्माको घर सम्म RCC ढलान कार्य | रु ५,००,०००/- |
| १२ | डाक्नेश्वरी वडा नं. २ देवकान्त घर देखि रामप्रसाद साह को घर सम्म आर.सि.सि. ढलान | रु ५,००,०००/- |
| १३ | मिलन चौक देखि सशस्त्र क्याम्प सम्म माटो ग्राईभेल कार्य | रु ४,८०,०००/- |
| १४ | डाक्नेश्वरी २ ठाकुर टोलमा टुवेल जडान कार्य | रु ३,००,०००/- |
| १५ | वडा नं. ३ तरही साबिक वडा नं. ४ मा सडक देखि पश्चिम रहेको श्रवण चौधरीको घर अगाडी सबमर्सियल बोरिंग जडान कार्य | रु १,७०,०००/- |
| १६ | वडा नं. ३ तरही टोलको लाल कुमार चौधरी को घर अगाडी सबमर्सियल बोरिंग जडान | रु १,६०,०००/- |
| १७ | डाक्नेश्वरी वडा नं. २ वडा कर्यालयको गेट बौन्ड्रिवाल निर्माण कार्य | रु ५,००,०००/- |
| १८ | डाक्नेश्वरी वडा नं. ८ वडा कार्यालय व्यवस्थापनको | रु २,५०,०००/- |
| १९ | वडा नं. ३ अधुरो शिव मन्दिर निर्माण कार्य | रु ५,००,०००/- |
| २० | वडा नं. ८, झौली मलाहको घर देखि देवेन्द्र मलाहको घर सम्म RCC ढलान कार्य | रु ५,००,०००/- |
| २१ | वडा नं.८ साबिक वडा नं. ४ मा पछवारी चौरीमा पोल तार जडान कार्य | रु २,००,०००/- |

२०८१।०२।१५

विनोद कुमार ठाकुर
(योजना अधिकृत)


## अन्तर्राष्ट्रिय समाचार

### राष्ट्रसङ्घीय सुरक्षा परिषद्द्वारा मानवीय कामदारको सुरक्षाका लागि प्रस्ताव पारित

**राष्ट्रसङ्घ**/सुरक्षा परिषद्ले शुक्रबार मानवीय कामदारको सुरक्षाको लागि प्रस्ताव पारित गरेको छ । जसले सबै राज्यलाई मानवीय कर्मचारी, संयुक्त राष्ट्र र सम्बन्धित कर्मचारीको सम्मान र सुरक्षा गर्न आह्वान गर्दछ । प्रस्तावले -२७३०ले सुरक्षा परिषद्का १५ सदस्यमध्ये १४ को समर्थन प्राप्त गर्‍यो भने रुस अनुपस्थित रह्यो । प्रस्तावमा सबै राज्य तथा सशस्त्र द्वन्द्वका पक्षलाई सबै परिस्थितिमा लागू हुने अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मानको सुनिश्चित गर्न आह्वान गरिएको छ ।

यसले सशस्त्र द्वन्द्वका सबै पक्षलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुन अन्तर्गतका दायित्वको पूर्णपालना गर्न निर्देशन गरेको छ । जसमा मानवीय कर्मचारी र संयुक्त राष्ट्र र सम्बन्धित कर्मचारीको सम्मान र संरक्षणसम्बन्धी दायित्व समावेश छन् ।

यसले मानवतावादी कर्मचारी, संयुक्त राष्ट्र सङ्घ सम्बन्धित कर्मचारी र सम्पत्ति विरुद्ध हिंसा, धम्कीसहितका हिंसा र आक्रमणको कडा निन्दा गर्दछ । यसले विशेष गरी सशस्त्र द्वन्द्वका पक्षलाई शत्रुता आचरणमा भिन्नता, आनुपातिकता र सावधानीका सिद्धान्तको सम्मान गरी नागरिकको अस्तित्वका लागि अपरिहार्य वस्तु आक्रमण तथा नष्ट गर्नबाट टाढा रहन आग्रह गर्दछ ।

यसले सशस्त्र द्वन्द्वका सबै पक्षलाई अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गर्दै विस्फोटक उपकरणको अन्धाधुन्ध प्रयोगको अन्त्य गर्न आह्वान गर्दछ । यस खतरालाई प्रभावकारीरूपमा कम गर्न उचित उपाय लिन आवश्यक कुरामा जोड दिन्छ ।

प्रस्तावले मानवीय पहुँचको गैरकानुनी अस्वीकार र नागरिकको अस्तित्वका लागि अपरिहार्य वस्तुबाट वञ्चितीको कडा निन्दा गर्दछ । यसले सशस्त्र द्वन्द्वका सबै पक्षलाई आवश्यक नागरिकलाई पूर्ण, सुरक्षित, निर्बाध मानवीय पहुँचको अनुमतिसहित सुविधा प्रदान गरी मानवीय कर्मचारी, राष्ट्रसङ्घ सम्बन्धित कर्मचारीको सुरक्षा, स्वतन्त्रता र सुरक्षा प्रवर्द्धन गर्न आग्रह गर्दछ ।

प्रस्तावले गलत सूचना हेरफेर, र मानवतावादी कर्मचारी, र सम्पत्ति विरुद्ध हिंसाको निन्दा गर्दै कर्मचारीमा गलत सूचनाको प्रभावमा चिन्ता व्यक्त गर्दछ । यसले राज्यलाई अन्तर्राष्ट्रिय मानवीय कानुन र अन्तर्राष्ट्रिय मानवअधिकार कानुन उल्लङ्घन आफ्नो क्षेत्राधिकारभित्र पूर्ण, निष्पक्ष, प्रभावकारी अनुसन्धान गरी उपयुक्त घरेलु र अन्तर्राष्ट्रिय कानुनअनुसार जिम्मेवार व्यक्ति विरुद्ध कारबाही गर्न आग्रह गर्दछ । यसले अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनका लागि जिम्मेवार व्यक्ति विरुद्ध मुद्दा चलाउन र घरेलु, क्षेत्रीय र अन्तर्राष्ट्रिय अदालत र न्यायाधिकरणसँग सहयोग गर्न राज्यलाई आग्रह गर्दछ । एजेन्सी

### युक्रेनलाई २७ करोड ५० लाख अमेरिकी डलर सहयोग गर्ने अमेरिकाको घोषणा

**अमेरिका**/संयुक्त राज्य अमेरिकाले शुक्रबार युक्रेनका लागि २७ करोड पचास लाख अमेरिकी डलरको नयाँ सुरक्षा सहायता प्रदान गर्ने घोषणा गरेको छ । सहायतामा गोला बारुद, आर्टिलरी राउन्ड र सटीक हवाई हतियार समावेश छन् ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले रुससँगको युद्धमा युक्रेनलाई अमेरिकाको समर्थन रहेको दोहोर्‍याउनुभएको छ । उहाँले युक्रेनलाई नयाँ सुरक्षा सहायता प्रदान गर्नु कियभलाई खार्किभ नजिकै मस्कोको आक्रमणलाई रोक्न मद्दत गर्ने अमेरिकी प्रयासको एक हिस्सा रहेको बताउनुभयो ।

सामाजिक सञ्जाल एक्सको एक पोस्टमा ब्लिन्केनले भन्नुभयो, "आज संयुक्त राज्य अमेरिकाले युक्रेनका बहादुर मानिसलाई सहयोग गर्न २७ करोड ५० लाख अमेरिकी डलरको हतियार र उपकरण प्रदान गर्ने घोषणा गरिरहेको छ । रुसको आक्रामकता विरुद्धको लडाइँमा हामी युक्रेनको साथमा रहनेछौं ।"

"यो २७ करोड ५० लाख मिलियन अमेरिकी डलरको प्याकेज युक्रेनलाई खार्किभ नजिकै रुसको आक्रमणलाई रोक्न मद्दत गर्ने हाम्रो प्रयासको एक हिस्सा हो । यसमा हिमार्सका लागि गोला बारुद एक सय ५५ एमएम र एक सय ५ एमएम आर्टिलरी राउन्ड, ट्यूब-लन्च, अप्टिकली-ट्र्याक्ड, वायर-गाइडेड मिसाइल, ज्याभलिन र एटी-४ एन्टी-आर्मर प्रणाली, सटीक हवाई हतियार, साना हतियार, गोला बारुद, एन्टी-आर्मर माइन, सामरिक सवारी साधन, शरीर कवच, रासायनिक, आणविक सुरक्षा उपकरण, स्पेयर पार्ट्स, मर्मतसम्भार र अन्य तत्काल आवश्यक उपकरण समावेश छन्", उहाँले बताउनुभयो ।

ब्लिन्केनले भन्नुभयो, "राष्ट्रपति बाइडेनले स्पष्ट गरिसक्नुभएको छ, संयुक्त राज्य अमेरिका र अन्तर्राष्ट्रिय गठबन्धन युक्रेनको स्वतन्त्रताको रक्षामा युक्रेनको साथमा रहनेछ ।"

सन् २०२२ मा मस्को र कियभबीच युद्ध सुरु भएदेखि अमेरिकाले युक्रेनलाई सहयोग गर्ने प्रस्ताव गरेको हो । रसियासँग चलिरहेको युद्धबीच कियभलाई अमेरिकी समर्थनको पुष्टि गर्न यस महिनाको सुरुमा एन्टनी ब्लिन्केनले युक्रेनको आकस्मिक भ्रमणमा पुग्नुभएको थियो । फेब्रुअरी २०२२ मा मस्को र कियभबीच युद्ध सुरु भएपछि उहाँले चौथो पटक यो अघोषित भ्रमण गर्नुभएको हो । एजेन्सी

# मधेश प्रदेश सरकारमा आफ्नो पार्टीको समर्थन भविष्यको परिस्थितमा भर पर्ने : पूर्वप्रम नेपाल



**राजविराज**/नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले मधेश प्रदेश सरकारमा पार्टीको समर्थन रहने कुरामा भविष्यको परिस्थितमा भर पर्ने बताएका छन् ।

बुधवार राजविराज नगरपालिका वडा ९ मलेठमा नेकपा एकिकृत समाजवादी जिल्ला समिती सप्तरीद्वारा आयोजित बृहत पार्टी प्रवेश तथा अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्ने क्रममा उनले यस्तो बताएका हुन ।

उनले हाललाई मधेश प्रदेश सरकारमा आफ्नो पार्टीको समर्थन रहिरहने समेत बताए ।

उनले संघ सरकारमा आफ्नो पार्टी जनताको चाहना अनुसार शासन चल्न सकोस् भन्ने चाहना अनुसार मुलुकमा राजनीतिक स्थायीत्व कायम रहोस भन्ने उद्देश्यले सरकारलाई समर्थन गरेको बताए ।

उनले अर्का एक प्रसङ्गमा कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियाको गिरफ्तारी अचम्भीत र दुखद कार्य भएको बताए । “सिरोहिया जनकपुरको वासिन्दा हो भनेर सबैलाई थाहा भएकै कुरा हो, उनले भने, एउटै नम्बरको दुई वटा नागरिकता परेको छ भने त्यो दोष नागरिकता पाउने व्यक्तीको होइन, नागरिकता दिने प्रशासनको हो ।”

सोधपुछबाटै अनुसन्धान कार्य सुरु गर्न सकिने अवस्था रहे पनि गिरफ्तार नै गरिनु अचम्म र निन्दनीय विषय भएको उनको भनाई छ ।

कार्यक्रममा सो वडाका पूर्वअध्यक्ष शम्भुप्रसाद यादव (लाली) लगायत विभिन्न पार्टी परित्याग गरी प्रवेश गरेका २ सय भन्दा बढी नवप्रवेशीलाई कार्यक्रमका प्रमुख अतिथी अध्यक्ष नेपालले फुलमाला र अबिर लगाई स्वागत गरेका थिए ।

नेकपा एकिकृत समाजवादीका जिल्ला अध्यक्ष प्रताप नारायण चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा पार्टीका केन्द्रिय उपाध्यक्ष धर्मनाथ साह, सचिवालय सदस्य पुर्व मन्त्रि रामचन्द्र झा, मधेश प्रदेशका कृषि मन्त्री गोविन्द न्यौपाने, पुर्वमन्त्री रामचन्द्र यादव लगायतले पनि देशको वर्तमान अवस्था र पार्टीको भुमिका बारे आ–आफ्नो धारणा राखेका थिए ।

यस्तै बुधबारै जिल्लाको राजगढ गाउँपालिकामा आयोजित पार्टी प्रवेश कार्यक्रममा सयौंको संख्यामा विभिन्न पार्टी परित्याग गरि नेकपा एसमा प्रवेश गरेको सो पार्टीले जनाएको छ ।

# मधेश प्रदेशमा १० महिनामा १८ दशमलव आठ प्रतिशतमात्र खर्च

**जनकपुरधाम**/मधेश प्रदेशमा चालु आर्थिक वर्षको १० महिनामा १८ दशमलव आठ प्रतिशतमात्र खर्च भएको छ ।

मधेश प्रदेश लेखा नियन्त्रणको कार्यालय जनकपुरधामले मधेश प्रदेश सरकारको कूल बजेट रु ४४ अर्ब ११ करोड ४० लाख ३२ हजारमध्ये उक्त अवधिमा १८ दशमलव आठ प्रतिशतमात्र खर्च भएको जनाएको हो ।

उक्त अवधिमा चालु खर्च तर्फ २४ दशमलव ६४ प्रतिशत अर्थात रु चार अर्ब ४६ करोड ७४ लाख ६८ हजार तथा पुँजीगत तर्फ १४ दशमलव ४४ प्रतिशत अर्थात रु तीन अर्ब ६९ करोड २१ लाख ८० हजार बजेट खर्च भएको कार्यालयका लेखा अधिकृत मनोज झाले जानकरी दिएका छन् ।

मधेश प्रदेशको वर्तमान सरकारमा सम्बन्धित मन्त्रालयमा मन्त्रीको हेरफेर, सचिवलगायत कर्मचारीको अभाव, निमित्तको भरमा मन्त्रालय सञ्चालन हुनु, योजना र बजेट बाँडफाँडलगायत समस्याले लक्ष्यअनुसार विनियोजित बजेट खर्च नभएको उनको भनाई छ ।

चालु आर्थिक वर्षको पूर्ण बजेटमध्ये चालु तर्फ १८ अर्ब ५४ करोड ५८ लाख तथा पुँजीगत तर्फ २५ अर्ब ५७ करोड ७५ लाख ७४ हजार अर्थात ४४ अर्ब ११ करोड ४० लाख ३२ हजार कूल बजेट रहेको सो कार्यालयले जनाएको छ । गत आर्थिक वर्षमा कूल बजेटको ६१ प्रतिशतमात्र खर्च भएको थियो ।

आर्थिक वर्ष सकिन एक महिनामात्र बाँकी रहेकाले यही अवस्थामा योपटक ५० प्रतिशतसमेत बजेट कार्यान्वयन हुन चुनौती रहेको जानकारहरूको भनाइ छ ।




अनुरोधकर्ता
तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

अनुरोधकर्ता
बलान बिहुल गाउँपालिका, सप्तरी


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*